नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १९८ | २०७७ साल फागुन २५ गते मंगलबार (9 Mar. 2021 Tuesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : समानता र अधिकारका लागि ... ३ पृष्ठमा : भारोत्तोलनमा भविष्य ... ३ पृष्ठमा : कारबाहीमा परी पाँच ...

# उपचार खर्चको अभावमा मृत्यु भएकी खंगका परिवारलाई मन्त्रीद्वारा सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**
आगोले जलेर गम्भिर घाइते भएपछि आर्थिक अभावका कारण उपचार गर्न नपाएर मृत्यु भएकी एक महिलाका परिवारलाई प्रदेश २ का एक मन्त्रीले सहयोग गरेका छन् ।

राजविराज नगरपालिका १० दिघवा निवासी २५ वर्षिया गितादेवी खंगको आर्थिक अभावले समयमा बाहिर लगेर उपचार गराउन नपाउँदा शनिबार बिहान मृत्यु भएको थियो ।

सोमबार बिहान शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याई पुऱ्याइएपछि अस्पतालमै पुगेर प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले मृतकका पति राजाराम खंगलाई ११ हजार रुँपैया किरिया खर्च उपलब्ध गराएका हुन् ।

मजदुरी गरि जिविकोपार्जन गर्दै आएका मृतकका पति राजारामलाई आर्थिक सहयोग दिँदै मन्त्री साहलाई उनको एकमात्र २ वर्षिया छोरीको शिक्षादिक्षामा समेत सहयोग गर्ने आश्वासन दिएका छन् ।

चार दिनअघि मात्र स्थानियबाट चन्दा सहयोग जुटाई किर्तिपुर स्किन अस्पताल पुऱ्याइएको खंगको उपचारकै क्रममा शनिबार बिहान सोही अपतालमा मृत्यु भएको हो ।

शव गृह जिल्ला ल्याउन गाडी भाडा समेत नहुँदा विचल्लीमा परेका मृतकका पति राजारामलाई कामविशेषले काठमाडौंमा रहेका प्रदेशसभा सदस्य मनिष सुमन, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, जसपाका यूवा नेता किशोर कुमार यादव, अमरकान्त झालगायतले सहयोग जुटाउँदै भ्यान रिजर्भ गरि पठाएका थिए ।

जाडोका कारण घुर ताप्न बसेकी गिता गत माघ १३ गते घुरबाटै जिउमा आगो सल्किदा जलेर गम्भिर घाइते भएकी थिइन् । यता मृतकका पति राजारमले गरिबीकै कारण समयमा उपचार गराउन नसक्दा पत्नि गुमाएको भन्दै अब २ वर्षिया छोरीको लालन पालन कसरी गर्ने चिन्ताले थप सताएको बताए ।

# नारी दिवसमा ऱ्याली, सभा तथा सम्मान




**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**
१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सोमबार राजविराजमा विभिन्न मानवअधिकारवादी र सामाजिक संघसंस्थाले संयुक्त रुपमा ऱ्याली र सभाको आयोजना गरि मनाएका छन् ।

राजविराज जेसिज, इन्सेक, परिकल्पना नेपाल, ग्रिन नेपाल, समग्र जनउत्थान केन्द्र, जिल्ला बार एशोसिएशन, सप्तरी युथ नेपाल, नेपाल प्रहरी, महिला अधिकार रक्षक संजाल, मारवाडी महिला मञ्च लगायतका संघसंस्थाको संयुक्त सहभागितामा स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको ऱ्याली नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

"विभेद रहित कानुन बनाऔं, लैङ्गिक विभेद अन्त्य गर, हिंसा र विभेद बन्द गरौं, निर्णायक तहमा महिलाको सहभागिता बढाऔं" लगायतका नारा लेखिएको प्ले कार्डसहित निस्केको ऱ्याली बजार क्षेत्र परिक्रमा पश्चात् जिल्ला समन्वय समितिको सभाकक्षमा पुगि विचार गोष्ठिमा परिणत भएको थियो ।

मुल समारोह समितिकी अध्यक्ष अनिता देवकोटाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि दहेज मुक्त मिथिलाका अध्यक्ष करुणा झा, इन्सेक प्रतिनिधि मनोहर पोखरेल, डिएसपी भुवनेश्वर साह, डा. रन्जना गिरी, पत्रकार धिरेन्द्र साह, नानीमैया कटुवाल, हेमशंकर सिंह, कानुन व्यवसायी मनु खनालगायतले महिलाको सम्मान र सबै क्षेत्रमा सहभागिता सुनिश्चित गर्न जोड दिएका थिए ।

कार्यक्रममा सामाजिक क्षेत्रमा योगदान पुऱ्याए वापत जेष्ठ महिला राजविराज ६ की ८२ वर्षिया मेनकादेवी पोखरेललाई सम्मान गरिएको थियो ।

# प्रदेश सरकारद्वारा १ हजार ५ सय छात्रालाई साइकल



**दैनिक समाचारदाता**
**जनकपुरधाम, २४ फागुन ।**
१११औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा प्रदेश २ सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत १ हजार ५ सय छात्राहरुलाई साइकल वितरण गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमबार आयोजना गरेको समारोहका बीच मुख्यमन्त्री लालबाबु राउतले धनुषा जिल्लाको २ हजार ७ सय विद्यालयका कक्षा

*बाँकी तीन पृष्ठमा*



# महिलाविरुद्धको हिंसाका मुद्दालाई प्राथमिकताका साथ सम्बोधन गरिन्छ : प्रधानमन्त्री

काठमाडौँ, २४ फागुन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले १११ औँ अन्तर्राष्ट्रिय महिला दिवसका उपलक्ष्यमा शुभकामना सन्देश दिँदै महिलाविरुद्धको हिंसाका मुद्दालाई प्राथमिकताका साथ सम्बोधन गर्न नेपाल सरकारले 'लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याएको जनाउनुभएको छ ।

उक्त नीतिअनुसार केन्द्र, प्रदेश र स्थानीय तहका विभिन्न संयन्त्रमार्फत आवश्यक सेवा प्रवाह भइरहेको जनाउँदै प्रधानमन्त्री ओलीले नेपालको राजनीतिक, आर्थिक, सामाजिक रुपान्तरणमा महिलाको सहभागिता र नेतृत्व विश्वकै लागि अनुकरणीय रहँदै आएको स्मरण गर्नुभएको छ । 'सुरक्षा, सम्मान र रोजगार: समृद्ध नेपालको आधार' भन्ने नाराका साथ सोमबार सो दिवस मनाइँदैछ ।

"लैङ्गिक समानता र महिला विकासका लागि राज्यको तर्फबाट भएका नीतिगत, कानूनी, संरचनागत एवं प्रक्रियागत सुधारको फलस्वरुप राजनीति र प्रशासनको क्षेत्रमा महिलाको प्रतिनिधित्व उल्लेखनीयरुपमा वृद्धि भएको छ ।" सन्देशमा भनिएको छ, "शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका सूचकमा पनि सकारात्मक सुधार भएका छन् । नेपालको लैङ्गिक विकास सूचकाङ्कमा भएको सुधारबाट पनि यस क्षेत्रमा नेपाल सरकारले गरेको लगानी र थालेको प्रयासले राम्रो प्रतिफल दिएको मान्न सकिन्छ ।"

उहाँले अज्ञानता र कुरीतिको आड लिएर भएका खराब अभ्यासका कारण बोक्सी, छाउपडी, दाइजो, बालविवाह र जातीय विभेदजस्ता उत्पीडनकारी अवशेष कायमै रहेकाले अपराधलाई निरुत्साह गर्न समाजका सबै पक्षले सहकार्य गरी रचनात्मकरुपमा जनचेतना जगाउनु आवश्यक भएकामा जोड दिनुभयो । विभिन्न प्रकार र स्वरुपका लैङ्गिक विभेद तथा हिंसाका घटनालाई जरैदेखि निर्मूल गर्न सरकारले शून्य सहनशीलताको नीति लिई अपराधीलाई कडा कारवाही र पीडितलाई उचित क्षतिपूर्तिसमेतको कानूनी व्यवस्था गर्दै नैतिक शिक्षा र सचेतनाका कार्यक्रम निरन्तर गरिरहेको प्रधानमन्त्रीले सन्देशमा उल्लेख गर्नुभएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय गरी 'महिला हिंसा असभ्यता हो, यो अपराध हो; महिला हिंसालाई रोकौँ' भन्ने प्रतिबद्धतासहितको स्टिकर बनाई सार्वजनिकस्थल तथा क्षेत्रमा प्रचारप्रसार गर्न सबै सरकारका निकायलाई निर्देशन गरिएको पनि प्रधानमन्त्रीले सन्देशमा उल्लेख गर्नुभएको छ ।

# समानता र अधिकारका लागि लड्दै नेपाली महिला

काठमाडौँ, २४ फागुन (रासस) ।

सोमबार ८ मार्च अर्थात् १११ औँ अन्तरराष्ट्रिय नारी दिवस । महिला समानता र जागरूकताका लागि सोमबार विश्वभर यो दिवस मनाइन्छ ।

महिला अधिकार, महिला सशक्तिकरण र समानताका विषयहरु अहिले विश्वभर नै यस दिवसका विषय बन्ने गरेका छन् । यो दिवस मनाउन थालिएको शताब्दि पुगेको छ तर अहिले पनि विश्वभर नै महिलाले समानता र आफ्ना अधिकारका लागि आवाज उठाइरहनु परेको छ । महिलामाथि हुने विभिन्न प्रकारका हिंसा, असमानपूर्ण व्यवहार अहिले पनि पूर्ण रुपमा रोकिएको छैन । अहिले पनि विश्वका अधिकांश भूभागका महिलाहरुले अधिकारकै लागि आवाज उठाइरहनुपरेको छ । त्यसैले आज पनि संसारभरका महिलाहरु आफ्नो अधिकारका लागि आवाज उठाएका छन् । नेपालमा पनि महिलाका यस्तै आवाजहरुलाई बुलन्द पार्न दिवस मनाउने गरिएको छ ।

समयको परिर्वतनसँगै महिला सशक्त हुँदै गएका त छन् तर उनीहरुमाथि हुने हिंसा भने रोकिएको छैन । पछिल्लो समयमा विद्युतीय अपराध बढ्दै गएको छ । त्यसको मारमा महिला धेरै पर्ने गरेका छन् । पारिवारिक रिसका कारण बलात्कारपछि हत्या गर्ने र प्रेममा बेमेल भए वा आफूले भनेजस्तो नभए एसिड आक्रमण गर्ने जस्ता जघन्य अपराधका घटनामा अझै कमी आउन सकेको छैन । तर त्यसका विरुद्ध लड्ने बल भने बढ्दै गएको छ । महिलामाथि हुने यस्ता जघन्य प्रकृतिका अपराधमा संलग्नको कारबाहीका लागि नागरिक समाज एवं राष्ट्रिय सञ्चारमाध्यमहरुले पनि सरोकारवाला निकायको ध्यानाकर्षण गराई कारबाहीका लाग दबाब दिने गरेका छन् । त्यसको एउटा सफल उदारणका रुपमा मुस्कान खातुनमाथिको आक्रमणलाई पनि लिन सकिन्छ ।

दुई वर्षअघि १५ वर्षकी हुँदा प्रेमप्रस्ताव अस्वीकार गरेकै कारण खातुनले तेजाब हमलाको सिकार हुनुपरेको थियो । तर खातुनले त्यसका विरुद्ध आवाज उठाइन् । कानून नै बनाएर कडा कारबाही गर्नुपर्छ भनेर अभियान नै चलाइन् । यस्ता आक्रमणकारीलाई कडाभन्दा कडा कानून बनाउन आग्रह गरेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल कानून बनाउन निर्देशन दिनुभयो र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा अध्यायादेशमार्फत् कानून बन्यो । खातुनले एसिड आक्रमणमा परेका महिलाको हक अधिकार र संरक्षणका लागि अभियान्ताकै रुपमा सक्रिय भएर काम गरिन् । त्यही सफलताका कारण खातुनले प्रतिष्ठित अन्तर्राष्ट्रिय साहसी महिला (आइडब्ल्युओसी) पुरस्कारबाट पनि पुरस्कृत हुने भएकी हुन् । नेपालले पहिलो पटक यो साहसी पुरस्कार प्राप्त गरेको हो ।

अमेरिकी दूतावासले यही फागुन २१ गते जारी गरेको प्रेस विज्ञप्तिमा खातुनले पुरस्कार प्राप्त गरेको र ८ मार्चकै अवसरमा एक भर्चुअल कार्यक्रममा अमेरिकी प्रथम महिला जिल बाइडेन र विदेशमन्त्री टोनी ब्लिङ्कनबाट मुस्कानलाई पुरस्कार प्रदान गरिने बताइएको छ । तेजाब हमला अन्त्यका लागि खातुनले गरेको साहसिक अभियानका लागि यो पुरस्कार दिइएको हो । खातुनजस्तै धेरै नेपाली छोरी आफ्नो अधिकारका लागि लड्न जरुरी छ । अन्यायका विरुद्ध आवाज उठाउन जरुरी छ ।

त्यस्तै बैतडीको अर्को एक दुःखद घटना त हामी सबैलाई ताजै छ । बलात्कारजस्तो जघन्य अपराधपछि हत्या गर्ने घटनाले सबै नेपालीलाई असाध्यै मर्माहत बनाएको छ । बलात्कारजस्तो जघन्य अपराध गर्ने व्यक्तिलाई मृत्यदण्ड नै दिनुपर्ने भन्ने आवाज पनि बेलाबेलामा उठ्ने गरेको छ । जुन नेपालको संविधानमा व्यवस्था गरिएको छैन । तर सरकारले तेजाव आक्रमण गर्ने र बलात्कारका विरुद्धमा भने कडा कानून बनाएको छ ।

यौनहिंसाविरुद्ध केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा बलात्कारका घटनामा मिलापत्र गराउने व्यक्तिलाई छ महिनादेखि तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवाना गराउने कानूनी व्यवस्था गरिएको छ भने सार्वजनिक पद धारण गरेको व्यक्ति भएमा थप छ महिना कैद हुनेछ ।

अध्यादेशमा बलात्कारका घटनामा दोषी ठहर भएका ज्येष्ठ नागरिकलाई कैद छुट नगर्ने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक ऐन-२०६३ मा बलात्कारका घटनामा ज्येष्ठ नागरिकलाई सजाय छुट दिने व्यवस्था थियो तर अध्यादेशले त्यो व्यवस्थालाई हटाएको छ ।

सरकारले गत असोज १२ गते तेजाव आक्रमणसम्बन्धी अध्यायादेश जारी गरी एसिड आक्रमणकारीलाई कुनै पनि अवस्थामा २० वर्ष सजाय तोकिएकोमा २० वर्ष नै सजाय काट्नुपर्ने व्यवस्था गरेको छ । अध्यादेशमा एसिड आक्रमण गर्दा सम्बन्धित व्यक्तिलाई नलागेमा पनि उद्योग गरेको मानिने र यस्तो उद्योगमा १० वर्षसम्म कैद र ५ लाखसम्म जरिवाना हुने व्यवस्था छ । एसिड आक्रमण गरेको प्रमाणित भएमा भने २० वर्षसम्मको कैद सजाय हुन सक्नेछ । महिलाविरुद्ध हुने हिंसा नियन्त्रण गर्नका लागि सरकारले यो दुई अध्यादेश जारी गरेको हो । अहिले यी दुवै अध्यायादेश राष्ट्रियसभामा पेश भएका छन् ।

सरकारले महिलाहिंसा नियन्त्रण गर्नका लागि विभिन्न प्रयास गरिरहेको छ । तर सोचेअनुरुप महिला हिंसाका घटनामा भने नियन्त्रण हुन सकेको देखिँदैन । "संविधान र कानूनमा महिलाका हकको राम्रो व्यवस्था गरिएको छ"-महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुरीकुमारी महतोले भन्नुभयो, "संविधान र कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाहिंसा न्यूनीकरण हुन सकेन, यस विषयमा हामी धेरै चिन्तित छौँ ।" मन्त्रालयले लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक समानता नीति लागू गरेको छ । तिनै तहका सरकारले त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । "महिला समानता र सशक्तिकरणका लागि शिक्षा र आर्थिक पक्ष बलियो बनाउन जरुरी छ", मन्त्री महतोले भन्नुभयो, "शुरुमै महिला हिंसा हुन नदिनका लागि अभियान नै सञ्चालन गर्ने तयारी छ ।"

पछिल्लो समयमा राजनीतिक ओहदामा रहेका महिलाले समेत हिंसाको सामना गर्नु परेको दुःखद् अवस्था छ । नेपालको संविधानको रक्षक राष्ट्रपति विद्यादेवी भण्डारी र राष्ट्रिय सभाका सदस्य कोमल ओलीलाई राजनीतिक दलका नेताबाटै चरित्रसँग जोडेर टिप्पणी भयो । नेपालको समग्र राजनीतिक क्षेत्रले यस देशका महिलालाई कसरी हेर्दोरहेछ भन्ने कुरा त यस्ता एकाध घटनाका आधारमै विश्लेषण गर्न मिल्दैन तर यस्ता टिप्पणीले महिला अधिकार कसरी हनन् भएको छ भन्ने विषयमा भने राजनीतिक नेतृत्व सचेत हुनैपर्छ ।

कानून बनाउने र यसको पालना समेत गराउने ठाउँमा रहेका महिलाले समेत न्यायका लागि न्यायालय धाउनुपर्ने अवस्था अझै पनि नेपालमा कायमै छ भने अबोध नागरिकको अवस्था झन् कस्तो होला भनेर पनि सबैले महसुस गर्नुपर्दछ । "सार्वजनिक ओहदामा भएका महिलाले त समाजमा हिंसा भोग्नु परेको छ" -राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले भन्नुभयो, "सामान्य अरु महिला कसरी बसेका होलान्, सहज कल्पना गर्न सकिन्छ ।" जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाका विषयको दायित्वबाट कोही पनि पन्छिन नमिल्ने र समाजमा पीडितलाई संरक्षण गर्ने र दोषीलाई कारबाही गर्ने वातावरणको सिर्जना गर्न जरुरी रहेको उहाँको बझाइ छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाले कानूनले महिला सशक्तिकरणका गर्न धेरै कार्यक्रम ल्याएको र तुलनात्मक रुपमा महिला आ-आफ्नो क्षेत्रमा सक्रिया भएर काम गरिरहेको सुनाउनुहुन्छ । "संविधान र कानूनले पनि महिलालाई अधिकार दिएको छ, पहिलाको तुलनामा अहिले महिला आफ्नो अधिकार खोज्ने भएका छन्"-उहाँले थप्नुभयो, "आफ्नो हक अधिकार खोजेर काममा अग्रसर हुनु पनि महिला सशक्तिकरणको एउटा पाटो हो ।"

नेपालको संविधानको मौलिक हकअन्तर्गत महिलाको हकको व्यवस्था गरिएको छ । "प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक हुनेछ, राज्यका सबै निकायमा महिलालाई

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

कोभिड-१९ रोग विरुद्धको खोप अभियान- २०७७/७८



"स्वास्थ्य, समृद्धि र सुरक्षा, कोभिड-१९ खोपले गर्छ रक्षा"

यही मिति २०७७।११।२३ गते देखि २९ गते सम्म कोभिड १९ रोग विरुद्ध खोप अभियानमा ६५ बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरुले आ-आफनो वाड अन्तरगतको स्वास्थ्य संस्थाको खोप केन्द्रमा गइ तपशिल अनुसारको मिति र स्थानमा खोप लगाउन हुन सवैमा हार्दिक अपिल गर्दछु ।

तपसिल-

पहिलो चरण २०७७।११।२३ र २४ गते

शम्भुनाथ, खडक, सुरुगां, बोदेवर्साइन, डाक्नेश्वरी न.पा. र छिन्नमस्ता, राजगढ, विष्णुपुर, बलानविहुल गा.पा. ।

दोश्रो चरण २०७७।११।२८ र २९ गते

राजविराज, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशि, कंचनरुप न.पा. र रुपनी, अग्नीसाइर कृ., तिरहुत, महादेवा, तिलाठी कोइलडी गा.पा ।

आयोजक
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य कार्यालय सप्तरी

खोप नि:शुल्क पाइन्छ   खोप सुरक्षित हुन्छ   खोपले जिवन रक्षा गर्छ

# भारोत्तोलनमा भविष्य खोज्दै किशोरीहरु

नानीमैयाँ कटवाल
सप्तरी, २४ फागुन (रासस)।

उमेरले १२ वर्ष मात्र पुगेकी छिन्, अम्बिकाकुमारी यादव। कक्षा ५ मा अध्ययनरत सप्तरीको राजविराज नगरपालिका-६ की उहाँ भारोत्तोलन खेलको अभ्यासमा छ महीनादेखि निरन्तर अभ्यासरत छिन्। राष्ट्रियस्तरको पदक प्राप्त गर्ने र भविष्यमा सेना बन्ने सपना बुनेकी उहाँ बिहान ८ बजेदेखि ११ बजेसम्म फलामको गह्रौं भारी उचाल्ने कठोर अभ्यास गर्छिन्। उहाँको पदक प्राप्त गर्ने परीक्षा नजिकिएको छ। कोभिड-१९ को महामारीपछि पहिलो पटक राष्ट्रियस्तरको भारोत्तोलन प्रतियोगिता राजविराजमा हुँदै छ।



यही फागुन २९ र आगामी चैत १ गते आयोजना हुने 'देवसुन्दर यादव स्मृति प्रथम राष्ट्रिय भारोत्तोलन' प्रतियोगितामा ४० किलो तौल समूहमा उहाँ प्रतिस्पर्धा गर्दैछिन्। भारोत्तोलन प्रशिक्षक पुन्तीलाल यादवका अनुसार सबैभन्दा कान्छी खेलाडीका रुपमा सहभागिता जनाउने अम्बिकाले पदक प्राप्त गर्ने निश्चित छ। हजुरबुवा दुर्गानन्द यादवको प्रेरणाले खेल क्षेत्रमा होमिएकी उहाँको एउटै लक्ष्य छ सेना बनेर सेवा गर्ने। खेल क्षेत्रमा राम्रो गरे सेनामा सहज प्रवेश पाउने विश्वास बोकेकी उहाँ भन्नुहुन्छ, "देशको सेवासँगै सेनामा प्रवेश पाए आफ्नो खेल क्षमता पनि विकास हुनेछ", आफ्नो सपना र लक्ष्य भनिरहँदा उनका आँखाभरी रहर र सपना भाव प्रष्ट झल्किन्थ्यो।

भारोत्तोलनमा भविष्य सपार्ने सपना बुन्दै तीन वर्षदेखि कडा परिश्रम गरिरहेकी अर्की किशोरी हुन् विष्णुपुर गाउँपालिका-४ की १६ वर्षीया पूजाकुमारी मण्डल। कक्षा १० मा अध्ययनरत उहाँले प्रदेशस्तरमा स्वर्ण पदक प्राप्त गरी नेपालगञ्जमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा सहभागिता जनाइसक्नुभएको छ। यसपटक उहाँले राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्णपदकको आशा गर्दै ४९ किलो तौल समूहमा प्रतिस्पर्धा गरिरहनुभएको छ।

विष्णुपुर गाउँपालिका-१ खुरहुयाकी १५ वर्षीया सरिता यादव सबैभन्दा जोशिली खेलाडी हुन्। एघार वर्षको उमेरदेखि खेल्न शुरु गरेकी उहाँले प्रदेश २ स्तरको प्रतियोगितामा स्वर्णपदक प्राप्त गर्नुभएको छ। उमेरले कलिलै भए पनि राष्ट्रिय र प्रदेशस्तरीय प्रतियोगितामा दुई/दुई पटक सहभागिता जनाएर अनुभव बटुलेकी उहाँ पदकको आकाङ्क्षा राख्दै साइकलबाट छ किलोमिटरको दूरी तय गरी नियमित अभ्यासमा आउनुहुन्छ।

पाइलैपिच्छे विभिन्न चुनौती र अभावको सामना गर्दै अगाडि बढिरहेकी खेलाडी हुन विष्णुपुर गाउँपालिका-३ मुसहरनियाकी १८ वर्षीया काजल सदा। अभावग्रस्त दैनिकीका बाबजुद भारोत्तोलनमा भविष्य खोज्दै अगाडि बढेकी उहाँले प्रदेश २ स्तरमा स्वर्ण पदक र नेपालगञ्जमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा कास्यपदक पाउनुभयो। उक्त सफलताले पाएको हौसलाका साथ अभ्यासमा तल्लिन उहाँले राजविराजमा हुन गइरहेको राष्ट्रिय्स्तरको प्रतियोगितामा पनि उत्कृष्ट प्रदर्शन गर्ने र पदक ल्याउने विश्वास व्यक्त गर्नुभयो।

उहाँलाई नै आफ्नो प्रेरणाको स्रोत बताउने सोही गाउँकी १७ वर्षीया किरणकुमारी सदा पनि तीन महीनादेखि भारोत्तोलन खेलको अभ्यासमा हुनुहुन्छ। किरणले भन्नुभयो, "एकदिन मैले काजलले भारोत्तोलन उचालेको देखेर बडो रोमाञ्चक लाग्यो। पुरस्कृत भएर गाउँ आएपछि उहाँसँग समाजको सकारात्मक व्यवहार देखेर मलाई पनि त्यसै गरी खेल्ने इच्छा जाग्यो।"

परिवारले भरपुर साथ दिएपछि विष्णुपुर गाउँपालिका-५ कट्टीकी १९ वर्षीया ज्योतिकुमारी मण्डल पनि दुई महीनादेखि अभ्यास गरिरहेको छ। उहाँका बुबाआमाले आफन्तका अगाडि उनलाई चिनाउँदा 'मेरो छोरा हो यो' भन्दै पिँठ्यू थपथपाउँछन्। तीन दिदीबहिनीमा माइली ज्योतिले दाजुभाई नभए पनि बुवाआमाबाट छोरासरहको भरोसा र व्यवहारले उहाँलाई अगाडि बढ्न प्रेरणा मिलेको छ।

विद्युतीय मिस्त्री बुवा श्याम मण्डल र गृहणी आमा शोभादेवी मण्डलको छोरासरहको व्यवहारले उहाँको सिङ्गो दृष्टिकोण परिवर्तन गरिदिएको छ। भविष्यमा सेना बन्ने सपना साँचेकी उहाँले विद्यालयमा पढिरहेकै बेला एनसिसी तालीम पनि लिएको बताउनुभयो। उहाँ भन्नुहुन्छ, "मलाई त्यो सैनिक पोशाकमा यति भाँती लगाव छ कि म छिट्टै नेपाली सेना बन्छु।"

चुनौतीका बाबजुद खेल क्षेत्रमा किशोरीको आकर्षण बढ्दै जानुमा राम्रो गर्नसके सेना, सशस्त्र र नेपाल प्रहरीमा प्रवेश पाउन सहज हुने उहाँहरूको विश्वास छ। राजविराजस्थित जिल्ला खेलकूद विकास समिति परिसरमा नियमित तीन घण्टा अभ्यासमा जुटने गरेकी विष्णुपुर मुसहर्नियाकी १६ वर्षीया आरतीकुमारी रजक हुन की राजविराज खरसाल टोलकी १४ वर्षीया अञ्जलीकुमारी यादव हुन्। अधिकांशको सपना खेल क्षेत्रमा राम्रो गर्ने र नेपाली सेना बन्ने रहेको छ।

परम्परागत सामाजिक मान्यताका कारण अनेक आलोचना झेल्नुपर्ने अवस्थाले अन्य क्षेत्र झैँ खेल क्षेत्रमा पनि महिलाको उपस्थिति कमजोर रहेको उहाँहरूको बुझाइ छ। छोरासरह छोरीलाई पनि खेल क्षेत्रमा सहजरुपले हेर्ने वातावरण हुनुपर्ने ज्योतिको भनाइ छ।

समान सहभागिता नै आजको विकासको अपरिहार्यता रहेको भन्दै समान सोंच र व्यवहारको आवश्यकता रहेको सरिताले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "हौसला, हिम्मत र देशका लागि सेवा गर्ने दृढता छ, सोहीअनुसारको प्रोत्साहन गर्ने वातावरण आवश्यक छ।"

स्थानीय निकाय, सङ्घसंस्था र सम्बन्धित निकायले खेल क्षेत्रमा

***बाँकी अन्तिम पृष्ठमा***

---

### *समानता र ...*

समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ" भनी संविधानको मौलिक हकमै व्यवस्था गरिएको छ। साथै, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनेर पनि संविधाले व्यवस्था गरेको छ। उक्त हकमा कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुने छ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ। तर भएका कानूनको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्दा महिलाले अहिले पनि आफ्नो अधिकार, समानता र अन्यायका लागि आवाज उठाउनुपर्ने बाध्यता छ।

यो वर्ष 'महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार' भन्ने नाराका साथ महिला जागरूकता गराउने दिवकै रुपमा सोमबार नेपालमा पनि मनाइदैछ। राजनीतिक तवरबाट शुरु भएको भएता पनि हाल महिला अधिकार, महिला सशक्तिकरण र समानता जस्ता विषयहरू अन्तर्राष्ट्रिय महिला दिवसका बिषय हुने गरेका छन्। यो दिवस सर्वप्रथम सन् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो। सन् १९१० मा महिलालाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ यसलाई अन्तर्राष्ट्रिय दर्जा प्रदान गरिएको थियो। सन् २०२१ मा आइपुग्दा विश्वभर १११ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ। यो दिसव मार्च महिनाभर नै मनाउने गरिएको छ।

संयुक्त राज्य अमेरिकाको सोसलिस्ट पार्टीले २८ फेब्रुअरी १९०९ मा सर्वप्रथम महिला दिवसको आयोजना गरेको थियो। सोसलिस्ट पार्टीले सन् १९०८ को अन्तर्राष्ट्रिय महिला श्रमिकको आन्दोलनको स्मरणमा २८ फेब्रुअरी १९०९ का दिन महिला दिवस मनायो। यसपछि यो फेब्रुअरीको अन्तिम आइतबारको दिन मनाइन थालियो। सन् १९१० मा सोसलिस्ट इन्टरनेशनलको कोपेनहेगनमा सम्पन्न सम्मेलनमा यसलाई अन्तर्राष्ट्रिय दर्जा प्राप्त भयो। त्यस समय यसको प्रमुख ध्येय महिलालाई मताअधिकार दिनु थियो। त्यस समय महिलालाई मत दिने अधिकर कतिपय देशमा थिएन। यसरी महिला समानता र सशक्तिकरणका लागि यो दिवस विश्वभर नै मनाउँदै आइरहेको छ। यसरी विश्वव्यापी मनाउन थालिएको यो दिवसका कारण महिलाको सशक्तिकरणका क्षेत्रमा केही टेवा पुऱ्याए पनि महिलाले अझै आफ्नो अधिकार, न्याय र समानताका लागि भने आवाज बुलन्द गर्नुपर्ने नै देखिन्छ।

---

### *प्रदेश सरकारद्वारा ...*

८ मा अध्ययनरत १ हजार ५ सय २० छात्राहरुलाई साइकल वितरण गरेका छन्।

साइकल वितरण लस्समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले महिला सशक्त भए मात्र प्रदेशको विकास सम्भव रहेको बताउँदै यसका लागि प्रदेश भरि रहेका सामुदायिक विद्यालयको कक्षा ८ मा अध्ययनरत्त छात्राहरुलाई साइकल वितरण गर्ने तयारी रहेको उनले जानकारी दिए।

प्रदेशका छोरीहरुलाई शिक्षित सब्बल बनाउन बेटी पढाउ, बेटी बचाउ अभियानलाई अगाडी बढाएको बताउँदै उनले शिक्षा, स्वास्थ्यसहित प्रत्येक निकायमा पछि रहेका महिलालाई अगाडी बढाउन प्रदेश सरकार प्रतिबद्ध रहेको दोहोऱ्याए।

महिला हिंसा, दाइजो प्रथा, वालविवाह जस्ता कुरीति विरुद्धको कानूनलाई सशक्त रुपमा पालना गरेर अघि बढनुपर्ने धारणा राख्दै एसिड आक्रमण गर्ने, बलात्कारको घटनाका दोषी विरुद्ध कठोर कानूनको खाँचो मुख्यमन्त्री राउतले औंल्याए। उक्त कार्यक्रममा एसिड पीडित धनुषाकी आरती साहलाई सम्मान समेत गरिएको छ।

बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत यस वर्ष पनि कक्षा ८ मा अध्ययनरत्त २० हजार छात्राहरुलाई साइकल वितरण गर्न लागिएको छ। यसअघि २०७५/०७६ मा २ सय ६१ विद्यालयका १४ हजार छात्राहरुलाई सो अभियान अर्न्तगत साइकल वितरण गरिएको थियो।

उपसभामुख उपमा देवको अध्यक्षतामा आयोजित कार्यक्रममा आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहा, भुमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादव, जसपा नेपालका प्रमुख सचेतक परमेश्वर साह, प्रदेशसभा सदस्य शिवचन्द्र चौधरी, सरस्वती चौधरी, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा लगायतले शुभकामना मन्तव्य राखेका थिए।

---

## विश्व समाचार

### कारबाहीमा परी पाँच आतङ्ककारी मारिए

इस्लामाबाद, २४ फागुन (रासस/सिन्ह्वा)।

पाकिस्तानको बलुचिस्तान प्रान्तको दक्षिणपश्चिम जिल्ला मुस्तुङमा सोमबार बिहान प्रहरीले गरेको एक कारबाहीमा परी कम्तीमा पाँच आतङ्ककारी मारिएका छन्।

आतङ्ककारीविरुद्ध कारबाही गर्ने प्रहरी विभाग (सीटीडी) ले यो कारबाही जारी राखेको स्थानीय सञ्चार माध्यमले जनाएको छ।

सिटीडीका प्रहरी जवानले आतङ्ककारी लुकेर बसेका ठाउँलाई घेरा हाली र आतंककारीहरूलाई आत्मसमर्पण गर्नको लागि आग्रह गरेको जनाइएको छ। तर आतङ्ककारीको समूहतर्फबाट गोलीबारी शुरु भएपछि प्रहरीको जवाफी कारबाहीको क्रममा कम्तीमा पाँच आतङ्ककारीको घटनास्थलमा नै मृत्यु भएको थियो।

प्रहरी कारबाहीको क्रममा मारिएका ती आतङककारीहरुले बलुचिस्तान प्रान्तको प्रान्तीय राजधानी क्वेटामा आक्रमण गर्ने योजना गरिरहेका प्रहरीले खुलाशा गरेको छ। आतङ्ककारीको तर्फबाट भारी मात्रामा विस्फोटक पदार्थ, स्वचालित हतियार, रिमोट कन्ट्रोलहरु बरामद भएको प्रहरी स्रोतले जानकारी दिएका छन्।

### अफगानिस्तानमा कारबाहीका क्रममा दश जना तालिबान मारिए

लस्कार गाह, अफगानिस्तान, २४ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी हेल्मण्ड प्रान्तमा यहाँको राष्ट्रिय सेनाले गरेको कारबाहीमा परी कम्तीमा पनि १० जना तालिबान लडाकूको मृत्यु भएको जनाइएको छ।

अफगानिस्तानमा विगत लामो समयदेखि हिंसा मच्चाइरहेका तालिबानहरुले सरकारी सम्पत्ति र सर्वसाधारणमाथि गर्ने गरेको आक्रमण जारी नै रहेको रहेको बताइएको छ। सोमबार दिइएको जानकारीअनुसार यहाँको दक्षिणी हेल्मण्ड प्रान्तको नार ए सरओज जिल्लाका दुई स्थानमा सेनाले कारबाही गरेको थियो। त्यस कारबाहीका क्रममा परी ती व्यक्तिको निधन भएको बताइएको हो।

अफगानिस्तानमा हिंसाको अनुगमन गरिरहेको संस्था रिडक्सन इन भायोलेन्स (आरआइभी) ले सोमबार सो जानकारी दिएको छ। त्यसैगरी हेल्मण्ड प्रान्तको प्रान्तीय प्रहरी कार्यालयले जारी गरेको विज्ञप्तिमा पनि सो कुराको जानकारी गराइएको छ।

त्यस जिल्लामा तालिबानको गढ रहेको मानिएको छ। त्यस क्षेत्रमा तालिबानहरु लुकेर बसेको सूचनाको आधारमा सरकारी सेनाले सो कारबाही गरेको बताइएको छ। उता अफगानिस्तानका विभिन्न प्रान्तका केही स्थानमा पनि हिंसात्मक आक्रमणहरु भएका बताइएको छ।सो हिंसामा भएको मानवीय हताहतको बारेमा भने कुनै जानकारी नगराइएको समाचारमा जनाइएको छ।

### भारतमा एक करोड १२ लाख २९ हजार भन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २४ फागुन (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा १८ हजार ७११ जना कोरोना सङ्क्रमित थपिएपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १२ लाख २९ हजार भन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ९७ जनाको मृत्यु भएपछि भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५७ हजार ८३५ जना पुगेको छ। हाल भारतमा एक लाख ८८ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् भने एक करोड आठ लाख ८२ हजारभन्दा बढी कोराना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको पहिलो चरणको खोप कार्यक्रम शुरु भएको थियो। त्यसैगरी दोस्रो चरणमा ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने कार्यक्रम शुरु भइरहेको छ । त्यसैबीच दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोना भाइरसविरुद्धको खोप शुरु भएको छ । गत जनवरी १६ यता भारतमा २ करोड १० लाख व्यक्तिले कोरोना विरुद्धको खोप लगाईसकेका छन्।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मङ्गलबारसम्म देशभर २२ करोड १९ लाख ६८ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। हिजो आइतबार एकै दिनमा पाँच लाख ३७ हजार ७६४ जनाको कोभिड-१९ परिक्षण भएको पनि समाचारमा जनाइएको छ।

# २५ लाखको लागतमा ऐतिहासिक पोखरीलाई नयाँ रुप दिइदै



**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. १ बरहीस्थित भगवती र डिहबार मन्दिरको अग्रभागमा ८ विगहा १ कठ्ठा जग्गामा फैलिएको ऐतिहासिक पोखरीको जिर्णोद्वारको लागि सोमबार शिलान्यास गरिएको छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगत प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले उपलब्ध गराएको २५ लाख रुँपैयाले पोखरीको जिर्णेद्वाराका साथै चारैतिर घाट निर्माण र सौन्दर्यकरण गर्न लागिएको हो ।

दशैंका बेला सो स्थानमा ठूलो मेला लाग्ने गरेको तथा आसपासका जिल्लाका साथै सीमावर्ती भारतीय क्षेत्रका समेत हजारौं तिर्थयात्री यस स्थलमा आउने गरेकाले यसलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्न सघाउने उद्देश्यले निर्वाचन क्षेत्र विकास कोषबाट २५ लाख रुँपैया सहयोग उपलब्ध गराइएको मन्त्री साहले बताए ।

उनले यस स्थलको प्रचार प्रसार र विकासका लागि आगामी दिनमा मुख्यमन्त्री स्वच्छता कार्यक्रमबाट पनि थप सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

ऐतिहासिक पोखरीलाई नयाँ स्वरुप दिनुका साथै सोही वडामा एउटा व्यवस्थित खेलमैदान निर्माणको गृहकार्य समेत भइरहेको मन्त्री साहले जानकारी दिए ।

# दुई फरारसहित चार प्रतिबादी पुर्पक्षका लागि कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**
हतियारसहित पक्राउ परेका दुई युवकलाई अदालतको आदेशमा पुर्पक्षका लागि आइतबार राजविराज कारागार चलान गरिएको छ ।

सप्तरी जिल्ला अदालतको आदेशले सप्तरीको शम्भुनाथ नगरपालिका २ भलुवाही बस्ने २५ वर्षिय रामपुकार माझी र सोही स्थान निवासी २२ वर्षिय रामस्वरुप मण्डललाई पुर्पक्षका लागि कारागार चलान गरिएको हो ।

प्रहरी अनुसार गत माघ २५ गते रुपनीबाट खटिएको गस्ती टोलीले बिशेष सुराकीको आधारमा दुबै जनलाई शम्भुनाथ २ भलुवाहीबाट भरुवा बन्दुक एक थानसहित पक्राउ गरेको थियो । उनीहरुमाथी हातहतियार खरखजना मुद्दा चलाइएको प्रहरीले जनाएको छ ।

यस्तै सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ७ बस्ने २७ वर्षिय धरमदेव मण्डललाई पनि अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ ।

सामुहिक जबरजस्तीकरणी र आत्महत्या दुरुत्साहन मुद्दाका फरार प्रतिवादीहरु मध्ये एक मण्डललाई आइतबार सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षका लागी कारागार चलान गरिएको हो ।

यसैगरि कुटपिट मुद्दामा अदालतले कैद र जरिवाना फैसला गरे लगत्तै फरार रहेका डाक्नेश्वरी नगरपालिका ७ बस्ने ५० वर्षिय शुकल मुखियालाई प्रहरीले पक्राउ गरेर अदालतमा पेश गरि कारागार चलान गरिएको छ ।

२०७३ माघ ६ गतेको फैसलाले मुखियालाई ३ महिना कैद र १ हजार जरिवाना तोकिएको थियो । उनलाई प्रहरीले घरबाटै पक्राउ गरी सप्तरी जिल्ला अदालतमा पेश गराएर कैद भुक्तानका लागी कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर बृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**
सप्तरीको राजगढ गाउँपालिकामा आइतबार साँझ करेन्ट लागेर एक बृद्धको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. ३ कट्टी टोल निवासी ७० वर्षिय शिवलाल यादवको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै घरमा स्विच थिच्दा बिद्युतिय करेन्ट प्रवाह भइ घाइते भएका यादवलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको हो ।

यता घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

***भारोत्तोलनमा ...***

भविष्य खोजिरहेकी छोरीलाई प्रोत्साहन गर्नसके आकर्षण बढ्ने र गुणस्तर पनि बढ्ने खेलाडीको धारणा छ । भारोत्तोलनमा दुई महिलासहित १२ अन्तरराष्ट्रिय खेलाडी जन्माउने जिल्लामा पछिल्लो समय किशोरीको सहभागिता बढाउन प्रयासरत प्रशिक्षक पुन्तीलाल यादव थप प्रोत्साहनको आवश्यकता रहेको बताउँनुहुन्छ । चिनजानका अभिभावकलाई भनसुन गरेर प्रोत्साहित गर्दै प्रशिक्षण गर्ने गरेको जानकारी दिँदै यादव भन्नुहुन्छ, "प्रोत्साहन पाएमा सप्तरीको शम्भुनाथकी देवी , कविता र शान्ति चौधरी झैं सप्तरीका किशोरीले दक्षिण एशियाली खेलकूद (साग) लगायत अन्तरराष्ट्रिय प्रतियोगितामा पदक दिलाएर मुलुककै गरिमा बढाउने छन् ।"


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*